**कार्यपालिका बैठक संख्या :- ८५**

**बैठक मिति :- २०७७०५।१४**

**अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी**

निर्णय नं. १

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथाम न्यूनिकरण तथा नियन्त्रण गर्न नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सुरक्षा मापदण्ड र पूर्वाधार बमोनिम संक्रमितहरुको उपचारका लागि बि.पि. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान, पूर्वाञ्चल विश्वविद्यालय लगायतमा संचालनमा रहेका आइसोलेशन केन्द्रहरुमा बेड अभाव हुने अवस्था सुजना भएकोले DCCMC सुनसरीको निर्णय अनुसार इटहरी क्षेत्रमा कम्तिमा १०० (एक सय) बेडको आइसोलेशन केन्द्र स्थापना गर्न आवश्यक भएकोले उक्त आइसोलेशन केन्द्र निर्माण, संचालन तथा व्यवस्थापन लगायतका निम्न कार्यमा सहयोग पुऱ्याउन तपसिल बमोजिमको कार्य समुह र अनुगमन सुपरिवेक्षण समिति बनाई इटहरी ९ स्थित रंगशालामा आइसोलेशन केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**तपसिल**

१. प्रस्तावित आइसोलेशन केन्द्र सम्म पुग्ने बाटो तथा भवन अगाडीको प्राङ्गणमा ग्राभेल गर्ने ।
२. अस्थायी शौचालय र स्नान घर निर्माण गर्ने ।
३. आइसोलेशन केन्द्र भवन भित्र बेड ओछ्यान पर्दा लगायतका फर्निसिङ्गको व्यवस्था गर्ने ।
४. बिद्युतीकरण र वायरिङ्ग गरी बत्तिको व्यवस्था गर्नै ।
५. आइसोलेशन केन्द्रको लागि खानेपानि लाईन बिस्तार गरी व्यवस्था गर्ने ।
६. आइसोलेशन केन्द्रलाई निसंक्रमण गर्ने तथा नियमित सरसफाईको व्यवस्था गर्ने ।
७. आइसोलेशन केन्द्रमा रहने संक्रमित लगायत , स्वास्थ्यकर्मि, सुरक्षकर्मी लगायतलाई आवस्यक दैनिक खाना खाजा आदिका लागि मेस सन्चालन गर्ने ।
८. आइसोलेशन केन्द्रबाट निस्कने फोहोरहरुलाई निसंत्रमित गरी आवस्यक व्यवस्थापन गर्ने ।
९. स्वस्थ्य सुरक्षाका सामाग्री सहित औषधी व्यवस्थापनको कार्य गर्ने ।
१०. आइसोलेशन केन्द्रमा वाइफाइ र सिसि क्यमराको व्यवस्था गर्ने ।

**तपसिल**

क) कार्यसमुह

| | |
|---|---|
| १. श्री फाल्गुणी प्रसाद काफ्ले | संयोजक |
| २. श्री गणेश प्रसाद भट्टराई | सदस्य |

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.१, सुनसरी, नेपाल स्था. २०७३

...प्रसाद सापकोटा ...अधिकृत

३. श्री जिवन घिमिरे सदस्य
४. श्री घनश्याम सिग्देल सदस्य
५. श्री रामचन्द्र खड्का सदस्य
६. श्री महेश सुबेदी सदस्य
७. श्री प्रेमा डाँगी सदस्य
८. श्री ओशन कुमार चौधरी सदस्य सचिव

**ख) अनुगमन तथा सुपरिवेक्षण समिति**

१. नगरप्रमुख :- श्री द्वारिकलाल चौधरी
२. उपप्रमुख :- श्री लक्ष्मी गौतम
३ प्र.प्र.अधिकृत :- श्री कृष्ण प्रसाद सापकोटा

उल्लेखित आइसोलेशन व्यवस्थापनको कार्य संक्रमण रोग नियन्त्रण र व्यवस्थापन गर्ने अग्र पंक्तिको जोखिमयूक्त कार्य भएकोले नेपाल सरकारबाट जारीभएको कोबिड १९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्ययोजना/कार्यविधी बमोजिम जोखिम भत्ता स्वरुप माथि उल्लेखित कार्यसमुह र सुपरिवेक्षण आनुगमन समितिका पदाधिकारीहरु तथा सो कार्यमा खटिने कर्मचारीहरुलाई मासिक आइपाई आएको तलबको ७५ प्रतिशत जोखिभत्ता उपलब्ध गराउने र उल्लेखित कामको लागि आवश्यक बजेट समेत कोबिड रोग रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कोषबाट उपलब्ध गराउने व्यवस्था गर्ने । साथै उल्लेखित कार्यसमुहले आइसोलेशन व्यवस्थापन र संचालन सम्बन्धि काम गर्दा खरिद इकाइ तथा मुल्याङ्कन समितिले गर्ने गरेका काम समेत गर्ने । आइसोलेशन व्यवस्थापन र संचालन सम्बन्धि काम गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम विपदका बेलामा/(बिशेष परिस्थितीमा) छिटो प्रकृयाबाट सार्वजनिक खरिदको प्रकृया अपनायी रु. ५ लाख सम्मको सार्वजनिक खरिदको काम गर्दा सूचिकृत फर्मबाट सोझै बजार खरिदको प्रकृया अपनाई खरिदकार्य गर्ने सो का लागि सूचाना प्रकाशित गरिरहनु नपर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उप-महानगरपालिका वडा नं. २ स्थित राष्ट्रिय वन क्षेत्रको धरान इटहरी सडकको पूर्व सानो फायर लाईनको उत्तर पट्टि बिभिन्न जात जातिहरुको शवदाह स्थल भएको क्षेत्रमा कोभिड १९ संक्रमणबाट ज्यान गुमाएकाहरुको दाह संस्कार गर्न उपयुक्त ठानी सो ठाउँमा शवदाह गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिकामा हाल अस्थायी, करार, दैनिक तथा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको २०७७ श्रावण १ गते देखि २०७७ पौष मसान्त सम्म छ महिनाको लागि तपसिल

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.१, सुनसरी, नेपाल

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसारका कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो । साथै अर्को पटक म्याद थप गर्ने अवस्था भएको खण्डमा संगठन संरचना सर्वेक्षण गरी औचित्यको आधार समेत पेश गर्नु पर्ने निर्णय गरियो ।

## तपसिल

**क)** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. ३०७९ मिति २०७५।१०।०९ को प्राप्त पत्रानुसार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ मा भएको व्यवस्था अनुसार यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु भन्दा अगाडी स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार यस इटहरी उपमहानगरपालिकाको दरबन्दीमा रही कामकाज गर्दै आएका कर्मचारीहरु तथा जिल्ला समन्वय समिति, सुनसरीबाट स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ को बुंदा नं. १० बमोजिम कामकाज गर्न खटि आएका कर्मचारीहरु देहाय अनुसार रहेको हुंदा निम्न बमोजिमका अस्थायी तथा करार तर्फका कर्मचारीलाई चालु आ.ब.मा साविक बमोजिमकै सेवा सुविधा नघट्ने गरी कामकाजमा लाउने ।

**अस्थायी तर्फ**

| क्र सं. | पद | तह श्रेणी | अस्थायी | कर्मचारीहरूको नाम थर | नियुक्ती/ सम्झौता भई काम गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ना.सु. (सा.प.) | सहायक स्तर पांचौं | अस्थायी | इन्द्र बहादुर चौहान | २०५४।१२।११ मा करार सम्झौता भई मिति २०६७०८।२६ मा आन्तरिकीकरण तथा पद समायोजन भएको । | जिल्ला समन्वय समिति, सुनसरीबाट नियुक्ती भई जि.स.स., सुनसरीको मिति २०७४।०४।०४ च.नं. १२ अनुसार कामकाज गर्न खटि आएको । |
| २ | महिला कार्यकर्ता | रा.प.अनं.द्वि. (प्रा) | अस्थायी | मिना कुमारी पोखेल | २०५६।१०।१४ | खानेपानी तथा ढल निकास, पूर्वान्चल क्षेत्रिय निर्देशनालय धनकुटाबाट नियुक्ती भई जि.प्रा. कार्यालय, सुनसरीको मिति २०७५।०१।२८ च.नं. ३१७ को रमाना पत्रानुसार कामकाज गर्न खटि आएको। |
| ३ | खा.पा. स.टे. | रा.प.अनं.द्वि. (प्रा) | अस्थायी | राम कुमार बस्नेत | २०५३।१०।०६ | खानेपानी तथा ढल निकास, पूर्वान्चल क्षेत्रिय निर्देशनालय धनकुटाबाट नियुक्ती भई जि.प्रा. कार्यालय, सुनसरीमा रही जि.स.स.कार्यालय, सुनसरीको मिति २०७४।०५।३० च.नं. २८७ को पत्रानुसार कामकाज गर्न खटि आएको। |

**करार तर्फ**

| क्र. सं. | पद | तह श्रेणी | कर्मचारीहरूको नाम थर | नियुक्ती/ सम्झौता भई काम गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला सहजकर्ता | सहायक स्तर पाँचौ | रेणुका तिम्सिना | २०५९।०४।१९ | संचयकोष जम्मा हुने |
| २ | समुदाय परिचालक | सहायक स्तर चौथो | करूणा उपाध्याय | २०६१।०६।२२ | संचयकोष जम्मा हुने |
| ३ | समुदाय परिचालक | सहायक स्तर चौथो | रनमाया लिम्बु | २०६१।०६।२२ | संचयकोष जम्मा हुने |
| ४ | मुखिया | सहायक स्तर तेस्रो | कल्पना पराजुली | २०६५।१०।०८ | संचयकोष जम्मा हुने |
| ५ | मुखिया | सहायक स्तर तेस्रो | क्रान्ती चौधरी | २०७१।०८।०१ | संचयकोष जम्मा हुने |
| ६ | मुखिया | सहायक स्तर तेस्रो | सुनिता राई | २०६५।११।०८ | संचयकोष जम्मा हुने |

**ख)**

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

प्रमाणित

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. ३०७९ मिति २०७५।१०।०९ को प्राप्त पत्रानुसार मासिक डोर तथा ज्यालादारीका कर्मचारीहरु यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत देहायका मासिक तथा दैनिक डोर हाजिरीमा कार्यरत कर्मचारीहरुलाई तत्कालै उक्त कर्मचारी हटाउदा १० वटा वडाको सम्पूर्ण कार्य ठप्प हुने हुँदा कर्मचारीहरु तत्कालै करार सेवाबाट पदपूर्ति कार्य अगाडी बढाउने र सो पदपूर्ति नभए सम्मका लागि मात्र नगरपालिकाले तोकेको दररेट बमोजिमको ज्याला पाउने गरी यथावत काममा लगाउने।

## मासिक ज्यालादारी तर्फ

| क्र.सं. | पद | ज्यालादारी | कर्मचारीहरूको नाम थर | नियुक्ती/सम्झौता भई काम गरेको मिति |
|---|---|---|---|---|
| १ | अ.सब.इन्जिनियर चौथो | मासिक ज्यालादारी | विवेक चौधरी | |
| २ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | दिपा गौली | |
| ३ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | नविन ओझा | |
| ४ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | ललिता निरौला | |
| ५ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | सविता थापा | |
| ६ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | राजन सुवेदी | |
| ७ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | दुलारी सदा | |
| ८ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | हिरा राई | |
| ९ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | सुवास वन | |
| १० | विद्युत सहायक | मासिक ज्यालादारी | आशिक भुजेल | |
| ११ | विद्युत सहायक | मासिक ज्यालादारी | महेश चौधरी | |
| १२ | विद्युत सहायक | मासिक ज्यालादारी | राम कुमार चौधरी | |
| १३ | विद्युत सहायक | मासिक ज्यालादारी | सकलदिप चौधरी | |
| १४ | सफाइ कर्मचारी | दैनिक ज्यालादारी | सिता कट्टवाल | |

ग)

यस कार्यालयमा करारमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमको शर्तवन्देजमा रही मिति २०७७।०४।०१ देखि २०७७ पौष मसान्त सम्म ६ महिनाको लागि सेवा करार सम्झौता गरी काममा लगाउने।

## तपसिल

| क्र.सं. | पद | तह श्रेणी | अस्थायी/करार | कर्मचारीहरूको नाम थर | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ह.स.च. | सहायकस्तर चौथो | करार | यादव सापकोटा | ह.स.चा. | संचयकोष जम्मा हुने |
| २ | सवारी चालक | सहायकस्तर चौथो | करार | मोहन गुरूङ्ग | ह.स.चा. | संचयकोष जम्मा हुने |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | अस्थायी | तिलक चन्द चौधरी | १९ नं. वडा | संचयकोष जम्मा हुने |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | अस्थायी | आशा देवी डोम | १२ नं. वडा | संचयकोष जम्मा हुने |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | नरेश चौधरी | १५र१६ नं. वडा | संचयकोष जम्मा हुने |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | कल्पना राई | १७ नं. वडा | संचयकोष जम्मा हुने |
| ७ | चौकीदार | श्रेणी विहिन | करार | समसेर काफ्ले | १ नं. वडा | संचयकोष जम्मा हुने |
| ८ | कुचिकार | श्रेणी विहिन | करार | भगीमाया मग्राती | २० नं. वडा | संचयकोष जम्मा हुने |
| ९ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | भगलु डोम | बारूणयन्त्र | संचयकोष जम्मा हुने |
| १० | सफाई कर्मचारी | श्रेणी विहिन | करार | झगरू डोम | बारूणयन्त्र | संचयकोष जम्मा हुने |
| ११ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | रामविलास मरिक डोम | बारूणयन्त्र | संचयकोष जम्मा हुने |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | अशोक मरिक डोम | बारूणयन्त्र | संचयकोष जम्मा हुने |
| १३ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | किसन डोम | बारूणयन्त्र | संचयकोष जम्मा हुने |
| १४ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | रामचन्द्र डोम मरिक | बारूणयन्त्र | संचयकोष जम्मा हुने |
| १५ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | भुट्टी डोमनी | नगरकार्यपालिका | संचयकोष जम्मा हुने |
| १६ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | दुर्गा देवी विश्वकर्मा | शिक्षा | संचयकोष जम्मा हुने |
| १७ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | रमेश राउत | नगरकार्यपालिका | संचयकोष जम्मा हुने |
| १८ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | शिला राई | १ नं. वडा | संचयकोष जम्मा हुने |
| १९ | सफाई कर्मचारी | श्रेणी विहिन | करार | अनुपा तामाङ्ग | ९ नं. वडा | संचयकोष जम्मा हुने |

**तपसिल**

१. पहिलो पक्ष भन्नाले इटहरी उपमहानगरपालिका दोश्रो पक्ष भन्नाले करारमा काम गर्ने कर्मचारी ।

२. गर्नुपर्ने कामको विवरण : संलग्न कार्यविवरण बमोजिम कामकाज गर्ने ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई माथि उल्लेख भए बमोजिमको सेवा उपलब्ध गराए वापत नेपाल सरकारले तोकिए बमोजिमको तलब स्केल र नगरपालिकाले निर्णय गरे बमोजिमको खाजा खर्च मासिक रु.४,०००।- (चार हजार) उपलव्ध गराउने छ ।

४. पारिश्रमिक भुक्तानी गर्दा दोश्रो पक्षले महिना भरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन सुपरीवेक्षकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । सुपरिवेक्षणले काम सन्तोषजनक भएको भनी शिफारीस भै आएपछि मात्र पारिश्रमिक भुक्तानी हुनेछ ।

५. सेवा उपलब्ध गराउँदा प्रचलित कानुनमा व्यवस्था भए बमोजिमका आचरण सम्बन्धी बिषयहरुको पालना गर्नु पर्नेछ ।

६. महिनामा घर बिदा २.५ दिन, मासिक बिरामी बिदा १ दिन, मासिक चाडपर्व बिदा १ दिन पाउने छ । घर बिदा र बिरामी बिदा संचित हुनेछ । चाडपर्व बिदा संचित हुने छैन । सेवाबाट अलग हुँदा संचित बिदाको रकम कर्मचारी कल्याण कोषबाट उपलब्ध हुनेछ ।

७. स्थायी कर्मचारीले पाए सरह संचयकोष जम्मा तथा बिमा समेत उपलब्ध गराईनेछ ।

८. क्रिया बिदा बढीमा १५, सुत्केरी बिदा अघि पछि गरी बढीमा ६० दिन दिईनेछ ।

९. सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराईनेछ ।

१०. करार सेवा उपलब्ध गराउने क्रममा कार्यालयको चल अचल सम्पत्तिको हानी नोक्सानी वा हिनामिना गरेमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षले पहिलो पक्षलाई तिर्नु पर्नेछ । यस्तो क्षतिपूर्ति तिर्नु पर्ने ठहर भएमा सो वापतको रकम निजको मासिक पारिश्रमिकबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ ।

११. दोश्रो पक्षले तोकिएको कार्यविवरण अनुसारको काममा वेवास्ता गरेमा वा लापरवाही गरेमा वा सन्तोषजनक काम नगरेमा पहिलो पक्षले जुनसुकै वखत निज सँगको करार सम्झौता भंग गर्न सक्नेछ ।

१२. दोश्रो पक्षले सम्झौता भंग गर्न चाहेमा कम्तीमा एक महिनाको लिखित सूचना दिनुपर्नेछ ।

१३. दोश्रो पक्षले कम्तीमा छ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ ।

१४. दोश्रो पक्षले सेवा उपलब्ध गराउने क्रममा निकटतम सुपरीवेक्षकको समन्वय र सम्पर्कमा रही पूर्ण निष्ठा र इमान्दारिताकासाथ तोकिएको कार्य सम्पादन गर्नुपर्नेछ ।

१५. बिदाको पूर्व स्वीकृती नलिई बिदा बस्न पाईने छैन ।

१६. दोश्रो पक्षले उपलब्ध गराउदै आएको सेवाको काम गर्ने गरी प्रचलित कानून बमोजिम कुनै कर्मचारी सरुवा भई वा खटिई आएमा वा कर्मचारी समायोजन ऐन तथा नियमावली बमोजिम कर्मचारी समायोजन भै आएमा वा लोकसेवाबाट पदपूर्ति भई आएमा त्यस्तो प्रकृतिको काम अन्य कुनै तरिकाले गर्ने भनी नगरपालिकाबाट निर्णय भएमा त्यस्तो करार सम्झौता स्वत: अन्त्य हुनेछ ।

१७. सात दिन भन्दा बढी बिना सूचना अनुपस्थित भएमा करार सम्झौता भंग भएको मानिनेछ ।

१८. करार सम्झौता गरिएको कार्य सन्तोषजनक नभएको भनी सुपरीवेक्षक वा बिषयगत शाखाले प्रतिवेदन पेश गरेमा जुनसुकै अवस्थामा करार भंग गर्न सकिनेछ ।

इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं. १ सुनसरी, नेपाल

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

१९. यो करार सम्झौता मिति २०७७ श्रावण १ देखि २०७७ पौष मसान्त सम्म मात्र कायम रहनेछ ।

२०. यो सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम र अन्य करारको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ ।

**घ)**

यस कार्यालयमा करारमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमको शर्तवन्देजमा रही मिति २०७७।०४।०१ देखि २०७७ पौष मसान्त सम्म ६ महिनाको लागि सेवा करार सम्झौता गरी काममा लगाउने ।

**तपसिल**

| क्र. सं. | पद | तह श्रेणी | अस्थायी/ करार | कर्मचारीहरूको नाम थर | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वातावरण अधिकृत | अधिकृतस्तर छैटौ | करार | पुष्प नारायण चौधरी | वातावरण शाखा | साविकको सेवा सुविधा नघट्ने गरी |
| २ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौ | करार | ओसन कुमार चौधरी | सूचना शाखा | |
| ३ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | सुजता कोइराला | योजना | |
| ४ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | दिपेश आचार्य | योजना | |
| ५ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | अरूण क्षेत्री घिमिरे | घरनक्सा | |
| ६ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | सुनिल चौधरी | घरनक्सा | |
| ७ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | कुन्दन साफी | योजना | |
| ८ | इन्जिनियर | अधिकृतस्तर छैटौ | करार | अनिल प्रसाद तिम्सिना | योजना | |
| ९ | प्रेस संयोजक | | | लिलाराज भट्टराई | | साविकको सेवा सुविधा नघट्ने गरी |
| १० | कानूनी सल्लाहाकार | | | शारदा प्रसाद अधिकारी | | साविकको सेवा सुविधा नघट्ने गरी |
| ११ | इलेक्ट्रिसियन इन्जिनियर | सहायक पाचौ | करार | रामानन्द चौधरी | योजना | |
| १२ | सब. इन्जिनियर | सहायकस्तर पाचौं | करार | रविन्स भट्टराई | योजना | |
| १३ | सब. इन्जिनियर | सहायकस्तर पाचौं | करार | रविन राय | योजना | |
| १४ | सब. इन्जिनियर | सहायकस्तर पाचौं | करार | राजेश दाहाल | घरनक्सा | |
| १५ | सब. इन्जिनियर | सहायकस्तर पाचौं | करार | सविन खड्का | योजना | |
| १६ | कम्प्युटर प्राविधिक | | | प्रल्हाद घिमिरे | | साविकको सेवा सुविधा नघट्ने गरी |
| १७ | अमिन | सहायकस्तर चौथो | करार | घटराज खतिवडा | घरनक्सा | |
| १८ | भा.स.चा. | | करार | प्रदिपराज ओझा | जे.सि.बि. | |
| १९ | ना.प्र.स. | | करार | कार्तिक कुमार झा | कृषि | |
| २० | कम्प्युटर प्राविधिक | सहायकस्तर चौथो | करार | महेश्वर कार्की | | |
| २१ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | दिपक अधिकारी | ५ नं. वडा | |
| २२ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | रोशन चौधरी | ४ नं. वडा | |
| २३ | ह.स.चा. | | करार | ध्यान बहादुर खत्री | प्र.प्र.अ. | |
| २४ | ह.स.चा | | करार | अशोक कुमार थामी | | |

**तपसिल**

१. पहिलो पक्ष भन्नाले इटहरी उपमहानगरपालिका दोश्रो पक्ष भन्नाले करारमा काम गर्ने कर्मचारी ।

२. गर्नुपर्ने कामको विवरण : संलग्न कार्यविवरण बमोजिम कामकाज गर्ने ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई माथि उल्लेख भए बमोजिमको सेवा उपलब्ध गराए वापत नेपाल सरकारले तोकिए बमोजिमको तलब स्केल र नगरपालिकाले निर्णय गरे बमोजिमको खाजा खर्च मासिक रु.४,०००।- (चार हजार) उपलव्ध गराउने छ ।

४. पारिश्रमिक भुक्तानी गर्दा दोश्रो पक्षले महिना भरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन सुपरीवेक्षकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । सुपरिवेक्षणले काम सन्तोषजनक भएको भनी शिफारीस भै आएपछि मात्र पारिश्रमिक भुक्तानी हुनेछ ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

५. सेवा उपलब्ध गराउँदा प्रचलित कानुनमा व्यवस्था बमोजिमका आचरण सम्बन्धी बिषयहरुको पालना गर्नु पर्नेछ ।
६. सार्वजनिक बिदा बाहेक संचित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा २ दिन बिदा दिईनेछ ।
७. क्रिया बिदा बढीमा १५, सुत्केरी विदा अघि पछि गरी बढीमा ६० दिन दिईनेछ ।
८. सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराईनेछ ।
९. करार सेवा उपलब्ध गराउने क्रममा कार्यालयको चल अचल सम्पत्तिको हानी नोक्सानी वा हिनामिना गरेमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षले पहिलो पक्षलाई तिर्नु पर्नेछ । यस्तो क्षतिपूर्ति तिर्नु पर्ने ठहर भएमा सो वापतको रकम निजको मासिक पारिश्रमिकबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ ।
१०. दोश्रो पक्षले तोकिएको कार्यविवरण अनुसारको काममा वेवास्ता गरेमा वा लापरवाही गरेमा वा सन्तोषजनक काम नगरेमा पहिलो पक्षले जुनसुकै वखत निज सँगको करार सम्झौता भंग गर्न सक्नेछ ।
११. दोश्रो पक्षले सम्झौता भंग गर्न चाहेमा कम्तीमा एक महिनाको लिखित सूचना दिनुपर्नेछ ।
१२. दोश्रो पक्षले कम्तीमा छ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ ।
१३. दोश्रो पक्षले सेवा उपलब्ध गराउने क्रममा निकटतम सुपरीवेक्षकको समन्वय र सम्पर्कमा रही पूर्ण निष्ठा र इमान्दारिताकासाथ तोकिएको कार्य सम्पादन गर्नुपर्नेछ ।
१४. बिदाको पूर्व स्वीकृती नलिई बिदा बस्न पाईने छैन ।
१५. दोश्रो पक्षले उपलब्ध गराउदै आएको सेवाको काम गर्ने गरी प्रचलित कानून बमोजिम कुनै कर्मचारी सरुवा भई वा खटिई आएमा वा कर्मचारी समायोजन ऐन तथा नियमावली बमोजिम कर्मचारी समायोजन भै आएमा वा लोकसेवाबाट पदपूर्ति भई आएमा त्यस्तो प्रकृतिको काम अन्य कुनै तरिकाले गर्ने भनी नगरपालिकाबाट निर्णय भएमा त्यस्तो करार सम्झौता स्वत: अन्त्य हुनेछ ।
१६. सात दिन भन्दा बढी बिना सूचना अनुपस्थित भएमा करार सम्झौता भंग भएको मानिनेछ ।
१७. करार सम्झौता गरिएको कार्य सन्तोषजनक नभएको भनी सुपरीवेक्षक वा बिषयगत शाखाले प्रतिवेदन पेश गरेमा जुनसुकै अवस्थामा करार भंग गर्न सकिनेछ ।
१८. यो करार सम्झौता मिति २०७७ श्रावण १ देखि २०७७ पौष मसान्त सम्म मात्र कायम रहनेछ ।
१९. यो सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम र अन्य करारको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ ।

ङ)

यस कार्यालय अन्तर्गत शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, इटहरी अस्पताल तथा बर्थिङ्ग सेन्टर तर्फ करारमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमको शर्तवन्देजमा रही मिति २०७७।०४।०१ देखि २०७७ पौष मसान्त सम्म ६ महिनाको लागि करार सम्झौता गरी काममा लगाउने ।

**शहरी स्वास्थ्य प्रवर्धन केन्द्र तर्फ**

| क्र.सं. | पद | तह श्रेणी | करार | कर्मचारीहरूको नाम थर | हाल कार्यरत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | अधिकृत स्तर आठौं | करार | गुञ्जन त्रिताल | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| २ | जनस्वास्थ्य अधिकृत | अधिकृत स्तर सातौं | करार | पुरूषोत्तम निरौला | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ३ | हेल्थ असिस्टेण्ट | सहायक स्तर पाचौं | करार | मौसम सापकोटा | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ४ | स्टाफ नर्स | सहायक स्तर पाचौं | करार | सुनिता गिरी | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ५ | अ.न.मी. | सहायक स्तर चौथो | करार | तोसिला चौधरी | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ६ | अ.न.मी. | सहायक स्तर चौथो | करार | सविना लुईटेल | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ७ | अ.हे.ब. | सहायक स्तर चौथो | करार | यमकला राई | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ८ | ल्याव असिस्टेण्ट | सहायक स्तर चौथो | करार | ऐजुक कुमार चौधरी | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| ९ | आईटी सहायक | सहायक स्तर चौथो | करार | अर्जुन बिष्ट | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |
| १० | का.स. | श्रेणी विहिन | करार | बाल कुमारी आङ्गला | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## इटहरी अस्पताल तथा बर्थिङ्ग सेन्टर तर्फ

| क्र. सं. | पद | तह श्रेणी | करार | कर्मचारीहरूको नाम थर | नियुक्ती/सम्झौता भई काम गरेको मिति |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेण्ट | सहायक स्तर पाचौं | करार | नवराज पराजुली | २०७५।०३।३१ |
| २ | रेडियोग्राफर | सहायक स्तर पाचौं | करार | सन्तोष कार्की | २०७५।०३।३१ |
| ३ | फार्मेसी असिस्टेण्ट | सहायक स्तर पाचौं | करार | विमल खतिवडा | २०७५।०३।३१ |
| ४ | हेल्थ असिस्टेन्ट | सहायक स्तर पाचौं | करार | बिशाल दाहाल | |
| ५ | अ.न.मी. | सहायक स्तर चौथो | करार | निर्मला श्रेष्ठ | २०७५।०३।३१ |
| ६ | अ.न.मी. | सहायक स्तर चौथो | करार | रेनुका चौधरी | २०७५।०३।३१ |
| ७ | अ.न.मी. | सहायक स्तर चौथो | करार | जुनु पौडेल | २०७५।०३।३१ |
| ८ | अ.न.मी. | सहायक स्तर चौथो | करार | माया सम्बाहाम्फे | २०७५।०३।३१ |
| ९ | अ.न.मी. | सहायक स्तर चौथो | करार | सविता सुनाम | २०७५।०३।३१ |
| १० | अ.हे.ब. | सहायक स्तर चौथो | करार | देवका रेग्मी | २०७५।०३।३१ |
| ११ | अ.हे.ब. | सहायक स्तर चौथो | करार | डोली सांह | २०७५।०३।३१ |
| १२ | ल्याव असिस्टेण्ट | सहायक स्तर चौथो | करार | निर्मल कुमार चौधरी | २०७५।०३।३१ |
| १३ | का.स. | श्रेणी विहिन | करार | जमुना देवी भण्डारी | २०७५।०३।३१ |
| १४ | का.स. | श्रेणी विहिन | करार | दिपक कुमार चौधरी | २०७५।०३।३१ |
| १५ | का.स. | श्रेणी विहिन | करार | कल्पना ढुंगाना घिमिरे | २०७५।०३।३१ |
| १६ | का.स. | श्रेणी विहिन | करार | मुना देवी भट्टराई | २०७५।०३।३१ |
| १७ | का.स. | श्रेणी विहिन | करार | उमा देवी नेपाल | |
| १८ | का.स. | श्रेणी विहिन | करार | ज्ञानेश्वर चौधरी | स्वास्थ्य चौकी एकम्बा |

**तपसिल**

१. पहिलो पक्ष भन्नाले इटहरी उपमहानगरपालिका दोश्रो पक्ष भन्नाले करारमा काम गर्ने कर्मचारी।
२. गर्नुपर्ने कामको विवरण : संलग्न कार्यविवरण बमोजिम कामकाज गर्ने।
३. पहिलो पक्षले दोश्रो पक्षलाई माथि उल्लेख भए बमोजिमको सेवा उपलब्ध गराए वापत साविकमा उपलब्ध गराइए बमोजिमकै तलब स्केल उपलव्ध गराउने छ।
४. पारिश्रमिक भुक्तानी गर्दा दोश्रो पक्षले महिना भरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन सुपरीवेक्षकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ। सुपरिवेक्षणले काम सन्तोषजनक भएको भनी शिफारीस भै आएपछि मात्र पारिश्रमिक भुक्तानी हुनेछ।
५. सेवा उपलब्ध गराउँदा प्रचलित कानुनमा व्यवस्था बमोजिमका आचरण सम्बन्धी बिषयहरुको पालना गर्नु पर्नेछ।
६. सार्वजनिक बिदा बाहेक संचित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा एक दिन बिदा दिईनेछ।
७. क्रिया बिदा बढीमा १५, सुत्केरी विदा अघि पछि गरी बढीमा ६० दिन दिईनेछ।
८. करार सेवा उपलब्ध गराउने क्रममा कार्यालयको चल अचल सम्पत्तिको हानी नोक्सानी वा हिनामिना गरेमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षले पहिलो पक्षलाई तिर्नु पर्नेछ। यस्तो क्षतिपूर्ति तिर्नु पर्ने ठहर भएमा सो वापतको रकम निजको मासिक पारिश्रमिकबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ।
९. दोश्रो पक्षले तोकिएको कार्यविवरण अनुसारको काममा वेवास्ता गरेमा वा लापरवाही गरेमा वा सन्तोषजनक काम नगरेमा पहिलो पक्षले जुनसुकै वखत निज सँगको करार सम्झौता भंग गर्न सक्नेछ।
१०. सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराईनेछ।
११. दोश्रो पक्षले सम्झौता भंग गर्न चाहेमा कम्तीमा एक महिनाको लिखित सूचना दिनुपर्नेछ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

प्रकाशित

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

१२. दोश्रो पक्षले कम्तीमा छ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ।

१३. दोश्रो पक्षले सेवा उपलब्ध गराउने क्रममा निकटतम सुपरीवेक्षकको समन्वय र सम्पर्कमा रही पूर्ण निष्ठा र इमान्दारिताकासाथ तोकिएको कार्य सम्पादन गर्नुपर्नेछ।

१४. बिदाको पूर्व स्वीकृती नलिई बिदा बस्न पाईने छैन।

१५. दोश्रो पक्षले उपलब्ध गराउदै आएको सेवाको क   ाम गर्ने गरी प्रचलित कानून बमोजिम कुनै कर्मचारी सरुवा भई वा खटिई आएमा वा कर्मचारी समायोजन ऐन तथा नियमावली बमोजिम कर्मचारी समायोजन भै आएमा वा लोकसेवाबाट पदपूर्ति भई आएमा त्यस्तो प्रकृतिको काम अन्य कुनै तरिकाले गर्ने भनी नगरपालिकाबाट निर्णय भएमा त्यस्तो करार सम्झौता स्वत: अन्त्य हुनेछ।

१६. सात दिन भन्दा बढी बिना सूचना अनुपस्थित भएमा करार सम्झौता भंग भएको मानिनेछ।

१७. करार सम्झौता गरिएको कार्य सन्तोषजनक नभएको भनी सुपरीवेक्षक वा बिषयगत शाखाले प्रतिवेदन पेश गरेमा जुनसुकै अवस्थामा करार भंग गर्न सकिनेछ।

१८. यो करार सम्झौता मिति २०७७ श्रावण १ देखि २०७७ पौष मसान्त सम्म मात्र कायम रहनेछ।

१९. यो सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम र अन्य करारको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ।

**च)**

विगत आ.ब. २०७६।०७७ मा यस कार्यालयमा मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत हजुका सवारी चालक, फुलमाली, सफाई कर्मचारी, गाडी हेल्पर, कार्यालय सहयोगीहरुलाई नगरपालिकाले तोकेको दररेट बमोजिमको ज्याला पाउने गरी मिति २०७७।०४।०१ देखि २०७७ पौष मसान्त सम्म काममा लगाउने निर्णय गरियो।

**छ)**

विगत केही बर्ष देखि यस कार्यालय अन्तर्गत सामुदायिक औषधि क्लिनिक तथा शहरी स्वास्थ्य तर्फका देहायका कर्मचारीहरुलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रमा गाभिएको हुँदा तपसिलमा उल्लेखित कर्मचारीहरुलाई साविकमै खाईपाई आएको सेवा सुविधा र मासिक तलब उपलब्ध गराउने गरी मिति २०७७।०४।०१ देखि २०७७ पौष मसान्त सम्म कामका लगाउने।

**आधारभूत स्वास्थ्य सेवा केन्द्र तर्फ**

| क्र. सं. | पद | सेवा करार | कर्मचारीहरूको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.ब. | सेवा करार | दिपा प्रसाई | |
| २ | का.स. | सेवा करार | रमेश अचार्य | |
| ३ | अ.न.मी. | सेवा करार | लक्ष्मी चौधरी | |
| ४ | अ.हे.ब. | सेवा करार | मिना मोक्तान | |
| ५ | अ.हे.ब. | सेवा करार | नजिरा खातुन | |
| ६ | अ.हे.ब. | सेवा करार | कृष्ण कुमारी कटवाल | |
| ७ | अ.न.मी. | सेवा करार | गोमा देवी लुईटेल | |
| ८ | अ.न.मी. | सेवा करार | सुजता चौधरी | |
| ९ | का.स. | सेवा करार | बबिना चौधरी | |
| १० | का.स. | सेवा करार | बिनोद कुमार परियार | |

**<u>निर्णय नं. ४</u>**

इटहरी उपमहानगरपालिकाका वडा कार्यालयहरुबाट कोरोना बिमा सिफारीस निःशुल्क प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र दैनिक उपभोग्य बस्तुको मुल्य निर्धारण गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**<u>देहाय</u>**

संयोजक : श्री लक्ष्मी गौतम, उप प्रमुख
सदस्य : श्री दिपक गौतम, वडाध्यक्ष वडा नं. ६
सदस्य : श्री भुपेन्द्र बराल, वडाध्यक्ष वडा नं. ९
सदस्य : उद्योग वाणिज्य संघ, इटहरी प्रतिनिधि
सदस्य : उपभोक्ता मञ्च नेपाल, प्रतिनिधि
सदस्य : स्वास्थ्य शाखा
सदस्य सचिव : उपभोक्ता हित संरक्षण शाखा प्रमुख